फोन नं. ०२६४६०१३५

# म्याङ्लुङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## म्याङ्लुङ, तेह्रथुम
## २०७३

## मालसामान आपुर्ती सम्बन्धी शिलबन्दी दरभाउपत्र तथा बोलपत्र आव्हान सम्बन्धी सुचना

प्रथम पटक सुचना प्रकाशित मिति : २०७४/१२/१३

यस नगरपालिका, नगरकार्यपालिकाको कार्यालयले आ.ब. २०७४/०७५ मा न.पा. फर्निचर तथा फर्निसिङ र मेसिनरी औजार बोलपत्र तथा शिलबन्धी दरभाउ पत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार योग्यता पुगेका ईच्छुक सम्बन्धीत सामाग्री उत्पादक वा बिक्रेताहरुको लागी निम्न सर्तहरुको अधिनमा रही रित पूर्वकको यो बोलपत्र तथा सिलबन्धी दरभाउपत्र आव्हान गरिएकोछ ।

| क्र.सं. | खरिद गर्नुपर्ने सामानको नाम | धरौटी रकम |
|---|---|---|
| १ | विभिन्न फर्निचर तथा फनिसिङ्ग | १,५०,०००/- (अक्षरेपी एक लाख पचास हजार मात्र ।) |
| २ | मेसिनरी औजार (कम्प्युटर समेत) | २६,०००/- (अक्षरेपी छब्बीस हजार मात्र ।) |

१) लिखित आवेदन साथ आ-आफ्नो फर्म दर्ता, भ्याट दर्ता, र आ.ब. २०७३/०७४ को आयकर चुक्ता प्रमाण पत्र आफैले प्रमाणित गरेको प्रतिलिपी सहित क्र.सं. १ को लागी रु. ३,०००।- र क्र.स. २ को लागी १,०००।- (पछिफिर्ता नहुनेगरी) बुझाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले क्र.स. १ को लागी ३० औं दिन र क्र.सं. २ को लागी १५ औं दिन भित्र कार्यालय समयमा बोलपत्र तथा शिलवन्धी दरभाउ पत्र खरिद गरिसक्नु पर्नेछ ।

२) बोलपत्र, सिलबन्धी दरभाउपत्र सम्बन्धी कागजात सि.नं. १ को हकमा ३१ औ दिन दिनको १२ बजे भित्र तथा सि.नं. २ को हकमा १६ औं दिनको १२ बजे भित्र माथि उल्लेखित धरौटी रकम कार्यालयको नेपाल बैंक लिमिटेड तेह्रथुममा रहेको धरौटी खाता नं. ०५४०३००००००००३०००१० मा जम्मा गरेको बैंक भौचर वा धरौटी रकम बराबरको कम्तीमा ९० दिन सम्म म्याद भएको नेपाल सरकार बाट मान्यता प्राप्त बैंकको जमानी पत्र संलग्न राखी कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ ।

३) यदि बोलपत्र, सिलबन्धी दरभाउपत्र खरिद गर्ने अन्तिम दिन र दर्ता गर्ने अन्तिम दिन सार्बजनिक विदा पर्न गएमा सो को भोलिपल्ट खरिद वा दर्ताको अन्तिम मिति कायम हुनेछ ।

४) रितपुर्वक पर्न आएका मध्ये क्र.स. १ को बोलपत्रको हकमा ३१ औं दिनको १ बजे र क्र.स. २ को सिलबन्धी दरभाउपत्रको हकमा १६ औं दिनको १ बजे नियमानुसार यस कार्यालय र बोलपत्र दाता तथा सिलबन्धी दरभाउ पत्र दाताको रोहवरमा यस कार्यालयमा खोलिनेछ साथै बोलपत्र दाता, सिलबन्धी दरभाउपत्र दाता उपस्थीत नभएमा पनी खोल्न बाधा पर्ने छैन ।

५) बोलपत्र दाता तथा सिलबन्धी दरभाउपत्र दाताले बोलपत्र, सिलबन्धी दरभाउपत्रमा आईटम वाईज दररेट अंक र अक्षर दुबैमा मुल्य अभिबृद्धी कर बाहेकको दररेट स्पष्ट रुपमा भर्नुपर्नेछ । केरमेट भएको ठाउँमा बोलपत्र दाता, सिलबन्धी दरभाउपत्र दाताको सही छाप भएको हुनु पर्नेछ । अंक र अक्षर विच फरक पर्नगएमा अक्षरलाई मान्यता दिईनेछ ।

६) बोलपत्र, सिलबन्धी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित हुनेछ ।

७) अन्य केहि कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

८) यसमा उल्लेख भए बाहेक प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ ।

..........................

प्रमुख प्रशासकिय अधिकृत